मा. हरि बहादुर चुमान
मन्त्री
आन्तरिक मामिला तथा कानून
गण्डकी प्रदेश
पोखरा, नेपाल।

प्रदेश सरकार
गण्डकी प्रदेश

# प्रेस विज्ञप्ति

मिति २०७७ असार २४ गते मध्यराती देखि परेको अविरल वर्षाको कारण गण्डकी प्रदेशका कास्की, लमजुङ्ग, म्याग्दी, तनहुँ लगायतका जिल्लाका विभिन्न स्थानमा भएको जनधनको क्षतिप्रति प्रदेश सरकार दुःख प्रकट गर्दै मृतकहरुप्रति हार्दिक समवेदना र घाईतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछ। अविरल वर्षाको कारण मिति २०७७।०३।२६ गते बिहान १०.०० बजेसम्म १९ जनाको मृत्यु भएको, घाईते भएका १६ जनालाई उद्दार गरी अस्पताल पुऱ्याई उपचार भईरहेको, १० घरहरु पूर्ण रुपले क्षति भएको, ३ घरहरु आंशिक रुपले क्षति भएको र कतिपय नागरिकहरु अझै पनि बेपत्ता भएको जानकारी प्राप्त भएको छ। अविरल वर्षा भईरहेको अवस्थामा पनि नेपाली सेना, सशस्त्र प्रहरी बल नेपाल, नेपाल प्रहरीका सुरक्षाकर्मीहरु तथा स्थानीय नागरिकहरु घटनास्थलमा खटिई खोज, उद्दार र राहत लगायतका कार्यहरुमा निरन्तर खटिई रहेका छन्।

सम्बन्धित जिल्ला विपद् व्यवस्थापन समितिद्वारा त्रिपाल, भाँडाकुँडा, लत्ताकपडा, कम्बल लगायतका राहत सामग्रीहरु स्थानीय विपद् व्यवस्थापन समितिलाई हस्तान्तरण भईसकेका छन्। विपदमा परेका नागरिकहरुलाई तत्काल खाद्य पदार्थको व्यवस्था मिलाउन जिल्ला विपद् व्यवस्थापन समितिलाई निर्देशन गरे बमोजिम जिल्लाले स्थानीय विपद् व्यवस्थापन समिति मार्फत् सो को व्यवस्थापन गरीसकेका छन्।

बेपत्ता भएका नागरिकहरुको खोजी कार्य लगायत बाढी पहिरोबाट भएको जनधनको क्षतिको यथार्थ मूल्याङ्कन गर्न जिल्लास्थित स्थानीय प्रशासन र सुरक्षा निकायहरुलाई निरन्तर सतर्क र क्रियाशिल बनाईएको छ। अविरल वर्षा भईरहेको कारण खोज, उद्दार, राहत लगायतका कार्यहरुमा कठिनाई भएता पनि जिल्लास्थित निकायहरु परिचालित भईरहेका छन्। निरन्तर वर्षा भईरहेको र आगामी केही दिन समेत निरन्तर वर्षा हुने भन्ने जल तथा मौसम विज्ञान विभागको पूर्वानुमान रहेको हुँदा सम्पूर्ण नागरिकहरुले उच्च सतर्कता अपनाउनुहुन सम्बद्ध सबैलाई अनुरोध गरिन्छ। खोज, उद्दार, राहत लगायतका कार्यमा खटिने सम्बद्ध सबै निकायहरु, नागरिकहरु एवं राष्ट्रसेवकहरु लगायत सबैलाई प्रदेश सरकार धन्यवाद प्रकट गर्दछ।

**मिति २०७७।०३।२६ गते**

..............................

**मा. हरि बहादुर चुमान**
**(मन्त्री)**